२०६६ साल जेठ १३ गते रोज ४ का दिन १०.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. राजश्व वक्यौता असुल फछ्र्यौट सिफारिश समितिको गठन एवं सोको काम कर्तव्य र अधिकारको व्यवस्था गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।३-०६६।१।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. चिनीको आयातमा भन्सार महशूल आंशिक छुट दिने विषयको अर्थ मन्त्रालयको नं. २।४-०६६।१।९ को प्रस्ताव - चिनीको भन्सार महशूलमा दिइएको छुटको प्रभाव उपभोक्ता मूल्यमा समेत पार्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. मित्रराष्ट्र अष्ट्रेलियाको अवलोकन भ्रमणमा पठाउने (सचिवको नेतृत्वमा) विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।६-०६६।१।२४ को प्रस्ताव - प्रतिनिधिमण्डल प्रस्तावित कार्यक्रममा भाग लिन नसकेकोले सोको समर्थन गर्ने ।

४. नगर विकास पुनरावेदन समितिको अध्यक्ष तोक्ने विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।७-०६६।१।२८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. सैनिक विशेष अदालतको अध्यक्ष तोक्ने विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।८-०६६।१।२८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. राजश्व न्यायाधिकरणको कानून सदस्य एवं अध्यक्ष तोक्ने विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।९-०६६।१।३१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. कोल्डस्टोरेजहरूलाई सहुलियत मूल्यमा डिजल उपलब्ध गराउने विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।२-०६६।१।७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. आर्थिक सहायता उपलब्ध गराउने (प्र.ह. रामकृष्ण खनाललाई) विषयको गृह मन्त्रालयको नं. ६।२७८-०६५।१२।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. प्रमुख जिल्ला अधिकारी स्व. बुद्धिसागर त्रिपाठीलाई मरणोपरान्त एक तह बढुवा गरी निजको परिवारलाई सुविधा उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं. ६।२८९-०६५।१२।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. शाखा अधिकृत स्व. मोहनप्रसाद मैनालीलाई मरणोपरान्त एक तह वढुवा गरी निजको परिवारलाई सुविधा उपलव्ध गराउने विषयको गृह मन्त्रालयको नं. ६।२९०-०६५।१२।२५ को प्रस्ताव - प्रस्तावको प्रकरण ४. “निर्णय हुनुपर्ने व्यहोरा” अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायबमोजिम गर्ने-
“जिल्ला प्रशासन कार्यालय, पर्साका तत्कालीन शाखा अधिकृत स्व. मोहनप्रसाद मैनालीलाई मरणोपरान्त राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बढुवा गरी बढुवा भएको पदको सुविधाहरु खाइपाई आएकोमा नघट्ने गरी निजकी श्रीमती मीनादेवी मैनालीलाई उपलब्ध गराउने ।”

११. विद्यार्थी शहीद घोषणा गर्ने (मनिल तामाङ्गलाई) विषयको गृह मन्त्रालयको नं. ६।१३-०६६।१।१७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. गणतन्त्र दिवस, २०६६ को उपलक्ष्यमा कैद माफी मिनाहा दिने विषयको गृह मन्त्रालयको नं. ६।१८-०६६।१।१३ को प्रस्ताव - प्रस्तावसाथ संलग्न अनुसूचीमा उल्लिखित १२६ जना कैदीहरुको भुक्तान गर्न बाँकी सजाय माफी गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५१ बमोजिम सम्माननीय राष्ट्रपति समक्ष सिफारिश गर्ने ।

१३. विदेशस्थित नेपाली नियोगहरूमा कार्यरत सैनिक सहचारी र निजामती सेवा ऐनको दफा २४ घ. (१) बमोजिम वढुवा भएका कर्मचारीहरूको वैदेशिक भत्ता निर्धारण गर्ने तथा राजदूत तथा नियोग प्रमुखहरूका अर्दली (परिचरहरू) को वैदेशिक भत्ता वृद्धि गर्ने विषयको परराष्ट्र मन्त्रालयको नं. ८।५-०६६।१।१५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. गोपाल सेवा समिति, लहान, सिरहालाई रजिष्ट्रेशन दस्तुर छूट दिने विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।४३-०६५।१२।२४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. Knowledge Sharing on Infrastructure Public Private Partnerships in Asia विषयक कार्यक्रममा सहभागी हुने (सचिव उमाकान्त झा) विषयको भौतिक योजना तथा निर्माण मन्त्रालयको नं. १०१४-०६६।१।२४ को प्रस्ताव - प्रस्तावित कार्यक्रममा भाग लिन गैसकेकोले सोको समर्थन गर्ने ।

१६. जग्गा सट्टा पट्टा गर्न स्वीकृति प्रदान गर्ने विषयको भौतिक योजना तथा निर्माण मन्त्रालयको नं. १०१६-०६६।१।३१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. Regional Stakeholders Consultation on Cross-Border Governance Issues in Asia and the Pacific मा भाग लिने (सचिवले) विषयको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको नं. ११।१-०६६।१।२३ को प्रस्ताव - प्रस्तावित कार्यक्रममा भाग लिन गैसकेकोले सोको समर्थन गर्ने ।

१८. Social Protection in Asia Annual Policy Conference मा भाग लिने (सचिवले) विषयको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको नं. ११।४-०६६।२।६ को प्रस्ताव - प्रस्तुत सम्मेलनमा सहसचिवस्तरबाट प्रतिनिधित्व गराउने ।

१९. महिला तथा बृद्ध सेवा केन्द्र, कञ्चनपुरलाई भवन निर्माणका लागि निःशुल्क काठ उपलब्ध गराउने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।५५-०६५।१२।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२०. अध्ययन भ्रमणमा भाग लिने (सचिव श्री दीपेन्द्रविक्रम थापाको नेतृत्वमा) विषयको शिक्षा मन्त्रालयको नं. १६।५-०६६।२।४ को प्रस्ताव - प्रस्तुत कार्यक्रममा सहसचिवस्तरबाट प्रतिनिधित्व गराउने ।

२१. थप आर्थिक सहायता उपलब्ध गराउने (शाखा अधिकृत तोयनारायण अर्याल समेतलाई) विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।७८-०६५।१२।१२ को प्रस्ताव- प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२२. आर्थिक सहयोग उपलब्ध गराउने (राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्र समेतलाई) विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।१-०६६।१।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२३. थप आर्थिक सहायता उपलब्ध गराउने (शाखा अधिकृत डा. कृष्णप्रसाद ढुङ्गाना समेतलाई) विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।३-०६६।१।१३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२४. व्यवस्थापन परीक्षण प्रतिवेदन २०६४।०६५ विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।५-०६६।१।२३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२५. थप आर्थिक सहायता उपलब्ध गराउने (सहायक वन अधिकृत विष्णुप्रसाद पौडेल समेतलाई) विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।१०-०६६।१।३१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२६. थप आर्थिक सहायता उपलब्ध गराउने (उपसचिव डा. हरि पौडेलको पत्नी डा. क्षमा पराजुली पौडेललाई) विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।११-०६६।२।४ को प्रस्ताव - प्रस्तावको प्रकरण ४. "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको "रु. ५,००,०००।- (अक्षरेपीः पाँच लाख)" भन्ने व्यहोराको सट्टा "तीन लाख रुपैयाँ" भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२७. २५५३औं बुद्ध जयन्ती कार्यक्रमको लागि आर्थिक सहायता दिने विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०।५-०६६।१।२४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२८. UN Permanent Forum on Indigenous Issue को Eighth Session माग भाग लिने (सचिवको नेतृत्वमा) विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।३-०६६।१।२३ को प्रस्ताव - प्रस्तावित कार्यक्रममा सचिवको नेतृत्वमा प्रतिनिधिमण्डल भाग लिन गैसकेकोले सोको समर्थन गर्ने ।

२९. स्वास्थ्यकर्मी तथा स्वास्थ्य सुरक्षा कोष स्थापना गर्ने विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।४१-०६५।४।२३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३०. ६२ औं विश्व स्वास्थ्य सभामा भाग लिने (राजदूतको नेतृत्वमा) विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।१७-०६६।१।२९ को प्रस्ताव - प्रस्तावित कार्यक्रममा भाग लिन गैसकेकोले सोको समर्थन गर्ने ।

३१. ग्लोबल फन्डको क्षयरोग नियन्त्रणका लागि राष्ट्रिय रणनीतिक कार्यक्रम सम्बन्धी कार्यशालामा भाग लिन जाने (नि. सचिवको नेतृत्वमा) विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।१८-०६६।१।२९ को प्रस्ताव - प्रस्तावित कार्यक्रममा भाग लिन गैसकेकोले सोको समर्थन गर्ने ।

३२. राजीनामा स्वीकृत गर्ने (एघारौं तहका डा. मिरा ओझाको) विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।२४-०६६।२।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३३. श्रम तथा यातायात व्यवस्था मन्त्रालयको प.सं. ०६५।६६ च.नं. १६९९ को पत्र अनुसार जेनेभामा आयोजना हुने "अन्तर्राष्ट्रिय श्रम संगठनको ९८औं अधिवेशनमा नेपाली प्रतिनिधिमण्डल पठाउने" विषयमा देहायबमोजिम गर्ने-

(क) उक्त अधिवेशनका लागि श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिवको नेतृत्वमा ५ सदस्यीय प्रतिनिधिमण्डल पठाउने ।

(ख) उक्त प्रतिनिधिमण्डलको भ्रमण अवधि बाटो म्यादसहित १० दिन कायम गर्ने ।

(ग) जेनेभास्थित नियोगका ४ जना प्रतिनिधिलाई प्रतिनिधिमण्डलमा सहभागी गराउने ।

(घ) आफ्नै खर्चमा भाग लिन चाहने मान्यता प्राप्त ट्रेड युनियनका प्रतिनिधिहरू श्रम तथा यातायात व्यवस्था मन्त्रालयले तोक्ने ।

३४. राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. गुणनिधि शर्मा तथा सदस्यहरू श्री राममणि पोखरेल, डा. लक्ष्मीप्रसाद देवकोटा र डा. सुनिलबाबु श्रेष्ठले मिति २०६६।२।११ देखि लागू हुनेगरी दिनुभएको राजीनामा सधन्यवाद स्वीकृत गर्ने ।

३५. संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (OHCHR) को म्याद हाललाई तीन महिना थप गर्ने ।

३६. सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहको रा.प.विशिष्ट श्रेणीका श्री वामनप्रसाद न्यौपानेलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रिक्त सचिव पदमा सरुवा गर्ने ।

३७. हाले श्रीलङ्कामा द्वन्द्वका कारण आन्तरिकरूपमा विस्थापित भएकाहरूलाई सहयोग पुऱ्याउन एक लाख अमेरिकी डलर सहयोग स्वरूप उपलब्ध गराउने ।

३८. संविधान सभाबाट गणतन्त्र घोषणा भएको पहिलो वार्षिकोत्सव जेठ १५ गतेका दिन गणतन्त्र दिवस भव्यरूपमा मनाउन सबै राजनीतिक दल र तीनका भातृसंस्था, मजदूर, किसान, विद्यार्थी, नागरिक समाज, उद्यमी, पत्रकार तथा सम्पूर्ण नेपाली दिदीबहिनी दाजुभाइलाई आह्वान गर्ने ।

२०६६ साल जेठ ११ गते रोज २ का दिन १३.३० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. देहायबमोजिम गर्ने -

(क) नेपालमा लोकतन्त्र स्थापना गर्नका लागि भएका विभिन्न आन्दोलनमा वीरगति प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण सम्मान एवं हार्दिक श्रद्धाञ्जलि अर्पण गर्ने ।

(ख) वर्तमान सरकार गठन गर्न महत्वपूर्ण सहयोग गर्ने सबै राजनैतिक दल तथा व्यवस्थापिका संसदका माननीय सदस्यहरूलाई धन्यवाद ज्ञापन गर्ने ।

(ग) वर्तमान शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन र संविधान लेखन कार्य समयमै सम्पन्न गर्न राष्ट्रिय सहमति, सहकार्य र एकताको अपरिहार्यतामा जोड दिई यसका निम्ति सबै राजनैतिक दलहरूलाई सरकारमा सहभागी भई ऐतिहासिक कार्यभार पूरा गर्ने कार्यमा एकजुट हुन आह्वान गर्ने ।

(घ) देशमा शान्ति र अमनचैन कायम गर्न, शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउन र तोकिएको समयमा नै संविधान निर्माण गर्ने कार्य सम्पन्न गर्न सरकारलाई सहयोग पुर्‍याउन सबै राजनैतिक दल, नागरिक समाज, सञ्चार क्षेत्र तथा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा आह्वान गर्ने ।

२. रत्नपार्कमा गणतन्त्र स्तम्भ स्थापना गर्ने ।

३. वाढीजन्य क्षति पुनर्निर्माण आयोजना सञ्चालन गर्नको लागि एशियाली विकास बैंकले नेपाल सरकारलाई उपलब्ध गराउने अमेरिकी डलर २५.६ मिलियन (करिव रु. १ अर्व ९२ करोड २५ लाख) को अनुदान सहायता स्वीकार गर्ने र सोको सम्झौतापत्रमा नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालयका सचिवले हस्ताक्षर गर्ने ।

२०६६ साल जेठ ९ गते रोज ७ का दिन ११.०० बजे प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. संघीय लोकतान्त्रिक गणतन्त्रको पहिलो जननिर्वाचित मन्त्रिपरिषद्ले आफ्नो कार्यभार सम्हाले पश्चात् वर्तमान मन्त्रिपरिषद्लाई आ-आफ्नो क्षेत्रबाट कार्यसम्पादनमा सहयोग पुऱ्याउनु हुने राजनैतिक दल, बुद्धिजीवी, नागरिक समाज र नेपाली दिदीबहिनी तथा दाजुभाइहरूलाई एवं निजामती र सुरक्षा निकायका राष्ट्रसेवकहरू सबैलाई हार्दिक धन्यवाद दिने । साथै, मन्त्रिपरिषद्को कार्यसम्पादनमा सहयोग पुऱ्याउने मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय संघ संस्थालाई हार्दिक धन्यवाद दिने ।

२. वर्तमान मन्त्रिपरिषद्का सबै सदस्यलाई मन्त्रिपरिषद्को सदस्यको हैसियतले आ-आफ्नो क्षेत्रबाट गर्नु भएकोमा योगदानका लागि सम्माननीय प्रधानमन्त्रीले धन्यवाद दिनु भयो ।

३. विभिन्न मन्त्रालयको कार्यसम्पादनको क्रममा सम्माननीय प्रधानमन्त्रीबाट प्राप्त निर्देशन र सहयोगका लागि वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूले सम्माननीय प्रधानमन्त्रीलाई धन्यवाद दिनु भयो र माननीय मन्त्रीहरूले एक-आपसमा आपसी सहयोगको लागि धन्यवाद आदान-प्रदान गर्नुभयो ।

२०६६ साल वैशाख २१ गते रोज २ का दिन १३.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. देहायबमोजिम गर्ने -

(क) सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट मिति २०६६/१/२० को मध्यरातमा नेपाली सेनाका अवकाश प्राप्त पूर्व प्रधानसेनापति रुकमाङ्गद कटवालका नाममा दिइएको आदेश नेपालको अन्तरिम संविधान, २०६३ र सैनिक ऐन, २०६३ विपरीत भएको र त्यस्तो आदेश जारी गर्न सम्माननीय राष्ट्रपतिलाई कुनै पनि संवैधानिक तथा कानूनी अधिकार नभएकोले नेपाल सरकार उक्त आदेशलाई गैरसंवैधानिक र लोकतान्त्रिक मूल्य मान्यता विपरीत भएको ठहर गर्दछ । साथै, उक्त आदेशलाई अविलम्ब फिर्ता लिन सम्माननीय राष्ट्रपतिसमक्ष अनुरोधका साथ पत्राचार गर्ने निर्णय गर्दछ ।

(ख) राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक पदमा बढुवा गर्ने (श्री अशोकदेव भट्टलाई) विषयको गृह मन्त्रालयको नं. ६।३-०६६।१।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

(ग) सशस्त्र प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने (श्री सनतकुमार बस्नेतलाई) विषयको गृह मन्त्रालयको नं. ६।४-०६६।१।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. लेखा समूहको सरुवा गर्न म्याद थप गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।७-०६६।१।१६ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको 'वैशाख मसान्त' भन्ने व्यहोराको सट्टा 'जेष्ठ १५ गते' भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. वेरुजु फछ्र्यौट मूल्याङ्कन र अनुगमन समितिको सदस्य सचिवको मनोनयन विषयको अर्थ मन्त्रालयको नं. २।८-०६६।१।२० को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको "पराजुलीलाई" भन्ने शब्दपछि "वढीमा" भन्ने शब्द थप गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. मं.प.बै.सं. ४५।०६५ मिति २०६५।११।१६ को मन्त्रिपरिषद् बैठकबाट नेपाल विकास मञ्चको बैठक वैशाख २९-३१, २०६६ मा आयोजना गर्न स्वीकृति दिएकोमा सो बैठक हाललाई स्थागित गर्ने ।

५. विश्व बैंकबाट प्रस्तावित सहयोग राशी ग्रहण गर्नको लागि नेपाल सरकारको तर्फबाट सो बैंकसंग सम्झौता वार्ता गर्न देहायबमोजिमका पदाधिकारीहरू रहने गरी वार्ता टोली गठन गरी सम्झौता वार्ता गर्न अख्तियारी प्रदान गर्ने -

| | | |
|---|---|---|
| श्री अनुपराज शर्मा, सह सचिव, जलस्रोत मन्त्रालय | - | संयोजक |
| श्री श्रीरन्जन लाकौल, महानिर्देशक, विद्युत विकास विभाग | - | सदस्य |
| श्री उत्तरकुमार श्रेष्ठ, कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण | - | सदस्य |
| प्रतिनिधि, कानून, न्याय तथा संविधान सभा व्यवस्था | - | सदस्य |
| प्रतिनिधि, बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | - | सदस्य |
| श्री भुवन कार्की, उप सचिव (ऊर्जा सेक्टर हेर्ने) अर्थ मन्त्रालय | - | सदस्य । |

६. भौगोलिक वनावटको आधारमा दार्चुला, बझाङ, दैलेख, बाजुरा, मुस्ताङ, जाजरकोट र रुकुम जिल्लाहरूका लागि चालु आर्थिक वर्ष २०६५।०६६ को लागि विनियोजित रकम २०६६ कार्तिक मसान्तसम्म फ्रिज नहुने व्यवस्था मिलाउन सैद्धान्तिक स्वीकृति दिने ।

७. बैठकमा भाग लिन जाने (सचिवले) विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।१-०६६।१।१३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. संविधानसभा अदालतको लागि न्यायाधीश तोक्ने विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।५-०६६।१।१७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. गुरुङ सगरमाथा आरोहण, २००९ दललाई रोयल्टी छुट दिने विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।२-०६६।१।१३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. गुठी संस्थान ऐन, २०३३ को दफा ९. को उपदफा (१) को खण्ड (क) को अधिकार प्रयोग गरी गुठी संस्थानको संचालक समितिको अध्यक्षमा धनुषा जिल्ला, जनकपुर-१० निवासी श्री अरविन्दकुमार लाललाई बढीमा दुई वर्षका लागि तोक्ने ।

११. मधेशी युवा फोरमका उपत्यका अध्यक्ष जितेन्द्र शाहको बारेमा छानबिन एवं अनुसन्धान गरी प्रतिवेदन पेश गर्न गठित जाँचबुझ आयोगको म्याद थप गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।२-०६६।१।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. पेश्की रकम अनुदानमा परिणत गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।५-०६६।१।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. मं.प.बै.सं. १।०६६ मिति २०६६।१।३ को मन्त्रिपरिषद्को बैठकबाट प्रत्येक पक्षका दुई दुई जनाको मुद्दा फिर्ता लिन सैद्धान्तिक स्वीकृति भएअनुसार सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ को उपदफा (१) बमोजिम देहायका समूहका देहायका व्यक्तिहरूको नामको मुद्दा फिर्ता लिने -

   १. लिब्रेसन टाईगर अफ तराई इलम (एल.टी.टी.ई.)-
      (क) लालु खान, मझौलिया-५, सिराहा
      (ख) शत्रुघन मण्डल, सोनमती भझौर-६, सिराहा
   २. मधेसी भाइरस किलर्स पार्टी-
      (क) अर्जुन हजरा यादव, त्रीकौल-६, सर्लाही
      (ख) श्याम नारायण यादव, बरमाझिया-९, सप्तरी
   ३. तराई संयुक्त जनक्रान्ति पार्टी नेपाल-
      (क) रामपुकार शाह, ब्रम्हपुर, सप्तरी
      (ख) देवेन्द्र खड्गा, ठेलिया-६, सप्तरी
   ४. जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह)-
      (क) इम्तियाज हसन, जनकपुर-१०, धनुषा
      (ख) सुर्यनारायण यादव, जनकपुर-१४, धनुषा
   ५. संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा-
      (क) मोहरकुमार चौधरी, सिर्सिया-६, पर्सा
      (ख) विमल तिवारी, बहुअर्वा भट्टा-७, पर्सा ।

१४. सार्वजनिक यातायातको क्षेत्रमा अघोषित रुपमा रहेको सिण्डिकेट/आलोपालो प्रथाको अन्त्य गर्न गठित उच्चस्तरीय समितिको म्याद थप गर्ने विषयको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको नं. १७।२-०६६।१।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. स्वेच्छिक अवकाश विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।२-०६६।१।७ को प्रस्ताव - प्रस्तावसाथ संलग्न अनुसूची १ को क्र.सं. २. मा रहेको 'जेठ १५' भन्ने व्यहोराको सट्टा 'जेठ मसान्त' भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. ट्रेड युनियनका पदाधिकारीहरूलाई काज सुविधा दिने विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।४-०६६।१।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. रेडियो र टेलिभिजन प्रसारण संस्थाहरूको नवीकरण दस्तुर र जरिवाना मिनाहा गर्ने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।६०-०६५।१२।३१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१८. प्रवन्ध निर्देशक पदमा नियुक्ति गर्ने (श्री विश्वनाथ गोयललाई) विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।४-०६६।१।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१९. लुम्बिनी विकास कोषका पदाधिकारीको राजिनामा स्वीकृति तथा नियुक्ति विषयको संस्कृति तथा राज्य पुन:संरचना मन्त्रालयको नं. २०।३-०६६।१।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२०. सीता आचार्य अधिकारीलाई आर्थिक सहायता दिने विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।१०८-०६५।१२।५ को प्रस्ताव - सीता आचार्य अधिकारीलाई तीन लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२१. भेरी अञ्चल अस्पताल विकास समितिको अध्यक्षको मनोनयन विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।१-०६६।१।३ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको "अध्यक्ष पदमा" भन्ने व्यहोरा पछि "बढीमा दुई वर्षका लागि" भन्ने व्यहोरा थप गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२२. कार्यकारी निर्देशक पदमा नियुक्ति गर्ने विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।६-६६।१।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२३. उपस्थास्थ्य चौकीलाई स्वास्थ्य चौकीमा स्तरोन्नति गरी दरबन्दी स्वीकृत गर्ने विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।७-०६६।१।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्न सैद्धान्तिक स्वीकृति दिने र सोको कार्यान्वयन अर्थ मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी गर्ने ।

२४. जनमैत्री अस्पताललाई अनुदान दिने विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।८-०६६।१।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२५. २९ वटा स्वास्थ्य संस्थाका दरबन्दी स्वीकृत गर्ने विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।९-०६६।१।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२६. संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिको विचार (View) कार्यान्वयन विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।१-०६६।१।१० को प्रस्ताव - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०६६।१।१४ मा लेखिगएकोमा सोको समर्थन गर्ने ।

२७. 4th Asian Credit Union/Cooperative Regulators Conference मा भाग लिने (राष्ट्रिय योजना आयोगका सदस्य डा. सुनीलबाबु श्रेष्ठले) विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।३-०६६।१।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२८. लैंगिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूको समान अधिकार सम्बन्धमा अध्ययन गर्न समिति गठन गर्ने र सो समितिको कार्यक्षेत्रगत शर्तहरू तोक्ने विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।२-०६६।१।१५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२९. उच्चस्तरीय अध्ययन भ्रमणमा प्रतिनिधिमण्डल पठाउने (सचिवको नेतृत्वमा) विषयको उद्योग मन्त्रालयको नं. ३।३-०६६।१।१७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३०. भिसा शुल्क, विलम्व दस्तुर मिनाहा दिने विषयको गृह मन्त्रालयको नं. ६।६-०६६।१।१५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३१. कैलालीका पत्रकार जगतप्रसाद जोशीको हत्या सम्बन्धमा गठित जाँचबुझ आयोगको म्याद थप गर्ने विषयको गृह मन्त्रालयको नं. ६।१४-०६६।१।१७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३२. Global Platform for Disaster Risk Reduction को दोश्रो Session कार्यक्रममा भाग लिन जाने (सचिव) विषयको गृह मन्त्रालयको नं. ६।१५-०६६।१।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३३. Workshop for Economic Officials from Developing Countries मा सहभागी हुने (सचिव) विषयको भौतिक योजना तथा निर्माण मन्त्रालयको नं. १०।२-०६६।१।१५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३४. निजामती किताबखानाको मिति २०६५।११।१३ को पत्रबाट जानकारी गराइएअनुसार यही २०६६ साल वैशाख २४ गतेदेखि नेपाल सरकारको निजामती सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुहुने नेपाल ट्रष्टको कार्यालयका नि. कार्यकारी सचिव श्री सुरेशकुमार वर्मालाई वहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिँदै वहाँको उज्ज्वल भविष्यको कामना गर्ने ।

३५. निजामती किताबखानाको मिति २०६५।१०।१९ को पत्रबाट जानकारी गराइएअनुसार यही २०६६ साल वैशाख ३१ गतेदेखि नेपाल सरकारको निजामती सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुहुने लोक सेवा आयोगका सचिव श्री कुमारप्रसाद पौडेललाई वहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न

ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिँदै वहाँको उज्ज्वल भविष्यको कामना गर्ने ।

३६. परराष्ट्र मन्त्रालयको मिति २०६६।१।२० को पत्रलाई दृष्टिगत गरी मालदिभ्सको राजधानी मालेमा मिति १३ मे र १४ मे २००९ का दिन क्रमशः Third Meeting of SAARC Finance Secretaries र Third Meeting of SAARC Finance Ministers को बैठकमा भाग लिन अर्थ सचिव श्री रामेश्वर खनाल र परराष्ट्र मन्त्रालयका अधिकृत श्री धनन्जय झालाई पठाउने । साथै, प्रतिनिधिमण्डललाई संलग्न विवरण अनुसारको खर्च स्वीकृत गर्ने ।

३७. सहिद प्रतिष्ठान, नेपाललाई सरकारी जग्गाको भोगाधिकार उपलब्ध गराउने विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९.१-०६६।१।२१ को प्रस्ताव - बढीमा तीस बर्षको लागि भोगाधिकार उपलब्ध गराउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३८. पूर्व प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईको स्वास्थ्योपचारमा लागेको विल बमोजिमको रकम नेपाल सरकारले व्यहोर्ने ।

३९. मुक्तिनाथ मन्दिरको परिसर लगायतका भौतिक संरचनाको निर्माणका लागि सम्बन्धित जिल्ला विकास समिति मार्फत पच्चीस लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

२०६६ साल वैशाख २० गते रोज १ का दिन ०९.०० बजे प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

देहायबमोजिम गर्ने -

१. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६६।१।६ को निर्णयानुसार प्रधानसेनापति महारथी श्री रुकमाङ्गद कटवाललाई विभिन्न तीन वटा विषयमा सफाई पेश गर्न निर्देशन दिइएकोमा निजले मिति २०६६।१।८ मा पेश गरेको सफाई सन्तोषजनक नदेखिकाले निजलाई सैनिक ऐन, २०६३ को दफा ११ को उपदफा (३) बमोजिम नेपाली सेनाको प्रधानसेनापति पदबाट आजकै मितिबाट लागू हुने गरी अवकाश दिने ।

२. नेपाली सेनाका प्रधानसेनापति श्री रुकमाङ्गद कटवाललाई सैनिक ऐन, २०६३ को दफा ११ को उपदफा (३) बमोजिम प्रधानसेनापति पदबाट आजैका मितिमा अवकाश दिइएकाले रिक्त हुन आएको नेपाली सेनाको प्रधानसेनापति पदमा अर्को व्यवस्था नभएसम्मका लागि सैनिक ऐन, २०६३ को दफा ८ को उपदफा (३) बमोजिम नेपाली सेनाका वरिष्ठ अधिकृत, रथी श्री कुलबहादुर खड्कालाई कायम मुकायम प्रधानसेनापतिको कार्यभार सम्हाल्ने गरी तोक्ने ।

३. प्रकरण १ र २ मा उल्लिखित विषयमा सम्माननीय राष्ट्रपतिलाई जानकारी गराउने ।

२०६६ साल वैशाख ९ गते रोज ४ का दिन ०८.०० बजे प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. देहायबमोजिम गर्ने -

(क) सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका देहायका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरूलाई देहायको मिति देखि कायम हुने गरी देहायबमोजिम सचिव पदमा कायम मुकायम मुकरर गर्ने -

१. श्री प्रतापकुमार पाठकलाई मिति २०६५।१२।१२ देखि का.मु सचिव, उद्योग मन्त्रालय
२. श्री सुशील घिमिरेलाई मिति २०६५।१२।१२ देखि का.मु सचिव, सूचना तथा सञ्चार मन्त्रालय
३. श्री गणेशराज जोशीलाई मिति २०६५।१२।१२ देखि का.मु सचिव, रक्षा मन्त्रालय
४. श्री केशवराज कर्णेललाई मिति २०६५।१२।१२ देखि का.मु सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय

(ख) देहायका मन्त्रालय/निकायमा सम्बन्धित सेवाको राजपत्राङ्कित प्रथम श्रेणी, सह सचिवको एक/एक विशेष पद सिर्जना गर्ने र समान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहको सोही पद बाट देहायका मन्त्रालय/निकायमा सरुवा गर्ने । सरुवा भएका अधिकृतहरूको पद अन्यत्र मिलान भएमा सो पद स्वतः खारेज हुने । निजहरूलाई सरुवा भएको मन्त्रालय/निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा निमित्त भै साविक बमोजिमको कार्य गर्न तोक्ने -

१. श्री युवराज भुसाल, सह सचिव, प्रशासन पुनःसंरचना आयोग ।
२. श्री किशोर थापा, सह सचिव (प्रा.), जल तथा ऊर्जा आयोगको सचिवालय ।
३. श्री हरिराम कोइराला, सह सचिव (प्रा.), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
४. श्री नारायण गोपाल मलेगो, सह सचिव, काठमाडौं महानगरपालिका ।
५. श्री दिनेशहरि अधिकारी, सह सचिव, शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय ।
६. श्री यज्ञप्रसाद गौतम, सह सचिव (प्रा.), स्थानीय विकास मन्त्रालय ।
७. श्री सुरेशकुमार वर्मा, सह सचिव (प्रा.), नेपाल ट्रष्टको कार्यालय ।
८. श्री नाथुप्रसाद चौधरी, सह सचिव (प्रा.), उपराष्ट्रपतिको कार्यालय ।
९. श्री दीप बस्न्यात, सह-क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, धनकुटा ।
१०. श्री रुद्रकुमार श्रेष्ठ, सह-क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, पोखरा ।
११. श्री आनन्दराज पोखरेल, सह-क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, हेटौडा ।
१२. श्री विनोद ज्ञवाली, सह-क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेत ।
१३. श्री हरिप्रसाद नेपाल, सह-क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, दिपायल ।

(ग) सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहको नेपाल स्वास्थ्य सेवाको अधिकृत एघारौं तहका डा. दीर्घ सिंह वमलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सोही सेवाको सोही तहमा सरुवा गर्ने ।

(घ) शिक्षा मन्त्रालयमा नेपाल शिक्षा सेवा, राजपत्राङ्कित प्रथम श्रेणी, सह सचिव (प्रा.) को विशेष पद एक सिर्जना गर्ने र सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहको सोही सेवा, श्रेणीका सह सचिव (प्रा.) श्री रामस्वरूप सिन्हालाई शिक्षा मन्त्रालयको सोही सेवा, श्रेणीको सह सचिव (प्रा.) पदमा सरुवा गर्ने । निजको पद अन्यत्र मिलान भएमा सो विशेष पद स्वतः खारेज हुने ।

(ङ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा नेपाल स्वास्थ्य सेवाको अधिकृत एघारौं तहको विशेष पद एक सिर्जना गर्ने र सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहको सोही सेवाको सोही

तहका डा. सुधा शर्मालाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सोही सेवाको सोही तहमा सरुवा गर्ने । निजको पद अन्यत्र मिलान भएमा सो विशेष पद स्वतः खारेज हुने ।

२. जुट उद्योगमा कार्यरत मजदुरको पारिश्रमिक निर्धारण कार्यदलको म्याद थप विषयको अर्थ मन्त्रालयको नं. २।१-०६६।१।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. नेपाल सरकारको ऋण रकममध्ये हाल लगानीमा रहेको दुग्ध विकास संस्थानमा ऋण रु. ७ करोड र त्यसमा बक्यौता रहेको व्याज सबैलाई शेयर पूँजीमा रुपान्तरण गर्ने विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।५९-०६५।१२।३० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. कृषि र पशु विज्ञान अध्ययन संस्थान तथा हिमालय कलेज अफ एग्रिकल्चर साइन्सेस एण्ड टेक्नोलोजीमा M.Sc. अध्ययन गराउने विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।३-०६६।१।९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं. ६।२-०६६।१।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. नेपाल र ब्राजिलबीच प्राविधिक सहायता सम्बन्धी सम्झौता गर्ने विषयको परराष्ट्र मन्त्रालयको नं. ८।२-०६६।१।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. असंलग्न राष्ट्रहरूको १६ औं मन्त्रीस्तरीय बैठकमा भाग लिन हवाना जाने समेत विषयको परराष्ट्र मन्त्रालयको नं. ८।३-०६६।१।९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. कार्यदलका पदाधिकारीहरूको म्याद थप तथा सुविधा वृद्धि गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।१-०६६।१।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. Third Regional Policy Dialogue of CIRDAP member countries मा भाग लिन जाने विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।१-०६६।१।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. स्थानीय निकाय वित्तीय आयोगको सदस्य-सचिव तोक्ने विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।२-०६६।१।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. एशिया प्यासिफिक क्षेत्र आर्थिक र सामाजिक परिषद्को मन्त्रीस्तरीय वार्षिक समीक्षामा भाग लिन जाने (मा. मन्त्रीको नेतृत्वमा) विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।२-०६६।१।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. राष्ट्रिय समावेशीकरण आयोगको सदस्यमा श्री किशोरी साह, जनकपुरलाई नियुक्त गर्ने ।

१३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६६।१।३ को पत्रलाई दृष्टिगत गरी आयोगका का.वा. प्रमुख आयुक्त श्री ललितबहादुर लिम्बुलाई फ्रान्सको पेरिसमा यही ४-५ मे २००९ सम्म आयोजना हुने OECD Global Forum on Public Governance नामक सम्मेलनमा भाग लिन जान स्वीकृति दिने ।

१४. महोत्तरी जिल्लाको रातुखोलामा तटवन्ध निर्माण गर्ने कार्य यसै आर्थिक वर्षमा गर्ने गरी सोको लागि आवश्यक रकम अर्थ मन्त्रालयले जलस्रोत मन्त्रालयलाई निकासा दिने ।

१५. संविधान सभाका माननीय सदस्यहरुलाई इन्टरनेट सेवा उपलब्ध गराउने । सो वापत लाग्ने मासिक शुल्क बढीमा एक हजार रुपैयाँ नेपाल सरकारले व्यहोर्ने ।

२०६६ साल बैशाख ६ गते रोज १ का दिन १६.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

नेपाल सरकारलाई उपेक्षा गरी प्रधानसेनापतिबाट र प्रधानसेनापतिको प्रत्यक्ष निर्देशनमा जंगी अड्डाबाट सैनिक ऐन, २०६३ को दफा ९ को उपदफा (१) तथा दफा १० को उपदफा (१) को प्रतिकूल हुने गरी देहायका काम भएकोले सो सम्बन्धमा चौवीस घण्टाभित्र नेपाल सरकारसमक्ष सफाइ पेश गर्न सैनिक ऐन, २०६३ को दफा ११ को उपदफा (३) को प्रयोजनको लागि प्रधानसेनापति श्री रुकमाङ्गद कटवाललाई निर्देशन दिने । निजले निर्धारित समयमा सफाइ पेश नगरेमा वा निजले पेश गरेको सफाइ सन्तोषजनक नभएमा निजउपर सैनिक ऐन, २०६३ को दफा ११ को उपदफा (३) बमोजिम आवश्यक कारवाही गर्नेसमेत जानकारी गराउने -

(१) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६६ को उपधारा (३) संग सम्बन्धित विस्तृत शान्ति संझौताको प्रकरण ५. १. २. बमोजिम थप सैन्य भर्ती नगर्ने स्पष्ट व्यवस्था रहेकोमा सो प्रतिकूल हुने गरी जंगी अड्डाबाट सैन्य भर्ती कार्य प्रारम्भ गरेको विषयमा मिति २०६५।९।९ मा नेपाल सरकार, रक्षा मन्त्रालयबाट भर्ती सम्बन्धी कार्य स्थगन गर्न निर्देशन दिएकोमा सो निर्देशन विपरीत थप सैन्य भर्ती गरेको ।

(२) प्रधानसेनापतिबाट नेपाली सेनाका केही सहायक रथीहरूको पदावधि थप गर्न सिफारिस भएकोमा सो बमोजिम पदावधि थप नगर्ने भनी नेपाल सरकारबाट भएको निर्णय कार्यान्वयन नगर्न नगराउनसम्म सम्मानित सर्वोच्च अदालतबाट मिति २०६५।१२।११ मा अन्तरिम आदेश जारी भएकोमा सो आदेश कार्यान्वयन गर्ने सम्बन्धमा सैनिक ऐन, २०६३ को दफा १७ को उपदफा (३) विपरीत सहायक रथीहरूलाई काममा लगाएको ।

(३) हालै सम्पन्न पाँचौ राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रधानमन्त्रीको निर्देशन विपरीत नेपाल सरकारलाई जानकारी नदिई सो प्रतियोगिताका केही इभेन्टस्मा नेपाली सेनाको त्रिभुवन क्लबलाई भाग लिन रोक लगाएको ।